नेपाल सरकार
# उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

प.सं. ३१/२०७८/०७९ प्रशासन
च.नं ३५०

मिति: २०७८/०७/१५

श्री जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।
श्री विद्युत विकास विभाग, सानोगौचरण, काठमाण्डौं ।
श्री जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाण्डौं ।
श्री जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक, ललितपुर ।

विषय: परिपत्र ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तत्काल समस्या समाधान केन्द्रको च.नं. त.स./५३१/२३५३, मिति २०७८/०७/११ को प्रगति विवरण सम्बन्धी पत्रको छायाँप्रति यसै पत्रसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई उक्त पत्रमा उल्लेख भए बमोजिमको निर्णय कार्यान्वयनको प्रगति विवरण ३ (तीन) दिन भित्र यस मन्त्रालयमा पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

(राज बहादुर विष्ट)
शाखा अधिकृत

प्र.म. ६५१
०७।१४

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

तत्काल समस्या समाधान केन्द्र

दर्ता नं. : १५५५
मिति : ०७८।७।१२

प.स. ०७८/७९
च.नं. त.स./ ५३१/२३५३

सिंहदरबार, काठमाडौं
मिति: २०७८/०७/११

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

विषय: प्रगति विवरण सम्बन्धमा।

श्रीमान् सचिवज्यू,(उर्जा)
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।

श्रीमान् मुख्यसचिवज्यूको संयोजकत्वमा मिति २०७८/०५/२० गते बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ५७ औं बैठकले गरेको निर्णयको छाँया प्रति जानकारी एवं कार्यान्वयनको लागि च.नं.त.स./५३१/१२४९, मिति २०७८/०५/२१ को पत्रबाट तहाँ मन्त्रालय/निकायहरुमा पठाईसकिएको व्यहोरा स्मरण गराउन चाहन्छु। सो सन्दर्भमा उक्त निर्णयको कार्यान्वयन स्थितिको विवरण ७(सात) दिन भित्र यस समितिको सचिवालयमा उपलव्ध हुने व्यवस्था मिलाईदिनुहुन आदेशानुसार सादर अनुरोध छ ।साथै उक्त विवरणको सफ्टकपी समेत E-mail Address : roshan.rai@nepal.gov.np र kganga9001@gmail.com मा पठाइदिने व्यवस्थाको लागि हार्दिक अनुरोध छ ।

..............................
(सन्तोष प्रसाद दाहाल)
उपसचिव

- ☐ श्री जलस्रोत महाशाखा
- ☐ श्री ऊर्जा महाशाखा
- ☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
- ☐ श्री कार्यक्रम, वजेट तथा अनुगमन महाशाखा
- ☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
- ☐ श्री प्रशासन महाशाखा
- ☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

विवरण तुरुन्त पठाउनु हुन

सादर अवगतार्थ
श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार ।

७।१२

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७८ साल भदौ २० गते आइतबार बसेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ५७औं बैठकले वर्तमान सन्दर्भमा सेवा प्रवाहमा सुधार, विद्यमान आपूर्ति व्यवस्थाको समीक्षा, बजार अनुगमनको प्रभावकारिता लगायत विकास निर्माण कार्यहरुमा पहिचान गरिएका समस्याको समाधानसहित कार्यान्वयनलाई प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल गरी देहायका निर्णयहरु गरियो।

१ संयुक्त बजार अनुगमन कार्यको दायरा विस्तार, प्रविधिको अधिकतम प्रयोग र Market Intelligence Based संयुक्त बजार अनुगमनको प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्ताको हित संरक्षण कानून र अन्य प्रचलित कानूनको आधारमा समेत वस्तु तथा मूल्यको अनुगमन गर्नेसम्बन्धी संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ नयाँ वा परिवर्तन गरी कार्यान्वयनमा लैजाने ।

२ संयुक्त बजार अनुगमनलाई व्यवस्थित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्य निकायहरुको समन्वयमा विस्तृत कार्ययोजना बनाइ १५ दिन भित्र पेश गर्ने ।

३ समितिको ५६ औं बैठकको निर्णयानुसार नेपालको संविधान, संघीय सरकारले सम्पादन गर्नुपर्ने कार्य, नेपाल सरकारको प्राथमिकता लगायतका विषयलाई मध्यनजर गरी सबै निकायले १ महिना भित्र संशोधित कार्य विस्तृतीकरण खाका तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको प्रदेश समन्वय तथा योजना महाशाखामा पठाउने ।

४ नेपाल सरकारको जनशक्ति व्यवस्थापन दीर्घकालीन कार्ययोजना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयको आर्थिक पूर्वाधार महाशाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयका उपकुलपति लगायतको सहभागितमा १ महिना भित्र राष्ट्रिय योजना आयोगले अवधारणा पत्र तयार गर्ने ।

५ नेपाल सरकारका विभिन्न निकायहरुले जारी गरी कार्यान्वयनमा रहेका कार्यबिधिहरु (Standard Operating Procedure) को अद्यावधिक अवस्थाको वारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नतिजा व्यवस्थापन हेर्ने महाशाखाले परीक्षण गर्ने। कार्यविधि नभएकालाई तत्काल बनाउन लगाउने र परिमार्जन नभएकालाई परिमार्ज्न गर्न लगाउने ।

६ गत वर्षका सुपथ मूल्य सामाग्री र छुट उपलव्ध गराउने गरी देशका विभिन्न स्थानमा आवश्यकताको आधारमा २०७८ सालको प्रमुख चाडपर्वहरुमा अत्यावश्यक उपभोग्य वस्तु व्यवस्थापनको लागि सुपथ मूल्यमा पसल मिति २०७८ असोज १ देखि छठ पछिको एक हप्तासम्म सञ्चालन गर्ने व्यवस्था उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले अगाडि बढाउने ।

७ चाडपर्वलाई लक्षित गरी सार्वजनिक यातायातको भाडा दर, यात्रु सिट क्षमताका आधारमा अनलाइन टिकेटिङ्ग र कोभिडसम्वन्धी स्वास्थ्य मापदण्ड पालना गरी गराइ यात्रा व्यवस्थापन लगायतका कार्यहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी मार्फत मिलाउने ।

८ नेपाल सरकारका निकायहरुले बजेट प्रस्ताव गर्दा सरकारी संरचनाहरुको मर्मतको लागि निश्चित प्रतिशत रकम छुट्याउनुपर्ने व्यवस्था मिलाउने ।

९ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खुद्रा तहका व्यवसायीहरुलाई खोप लगाउने सूचीमा प्राथमिकतामा राख्ने ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

२०७८/५/२०

मुख्य सचिव